## तिलोत्तमा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### कार्यपालिका बैठक संख्या ६/०७७/०७८ (९८) मिति: २०७७/०८/२९ गते

**प्रस्तावहरु:**

१. राजस्व व्यवस्थापन सम्बन्धमा ।
२. नगर प्रमुख छात्रवृत्ति सम्बन्धमा ।
३. भूमि सम्बन्धी समस्या समाधान सहजीकरण समिति/इकाइ गठन सम्बन्धमा ।
४. पत्थर डाँडा तिनाउ सडक स्तरोन्नती सम्बन्धमा ।
५. वडा नं. -७ को जग्गा व्यवस्थापन सम्बन्धमा ।
६. वडा नं. १० को वडा भवन सम्बन्धमा ।
७. ट्राफिक लाइट सम्बन्धमा ।
८. अतिथि गृह तथा सभा हल सम्बन्धमा ।
९. 'घ' वर्गको अनुमती नविकरण सम्बन्धमा ।

**निर्णयहरु:**

**निर्णय नं.-१**

तिलोत्तमा नगरपालिकामा सञ्चालित क्रशर उद्योगहरुले हालसम्म उद्योगमा कच्चा पदार्थको रुपमा प्रयोग हुने नदीजन्य पदार्थ मध्ये खरिदको स्रोत नखुलेको र एक तहको स्थानीय राजस्व बुझाएको प्रमाण पेश हुन नसकेको मौज्दातमा मात्र यस नगरपालिकालाई प्राकृतिक स्रोत शुल्क बुझाउँदै आएकोमा राजस्व बुझाउने प्रक्रिया थप सहज बनाउनका लागि नेपाल रोडाढुङ्गा व्यवसायी संघबाट मासिक दर कायम गर्न माग भई आएको हुँदा यस नगरपालिकामा क्रियाशिल प्रमुख राजनीतिक दलहरु समेतको सुझावको आधारमा यस्तो शुल्कको वार्षिक दर कायम गरी ०७७ पौष १ गतेबाट तपसिल बमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो ।

१. राजस्व बुझाउने प्रयोजनका लागि राजस्व अनुगमन समितिले क्रशर उद्योगलाई तिन वर्गमा उद्योगको वर्गिकरण गर्न सक्ने साथै अत्यावश्यक देखिएमा वर्ग थपघट गर्न सक्नेछ ।
२. नदीजन्य पदार्थमा लाग्ने प्राकृतिक स्रोतको राजस्वको र सडक मर्मत दस्तूरको वार्षिक दर देहाय बमोजिम हुनेछ ।

| उद्योगको प्रकार | प्राकृतिक स्रोत कर (वार्षिक) | सडक मर्मत (वार्षिक) |
|---|---|---|
| क - डबल प्लाण्ट भएका क वर्गका उद्योग : | रु.३६ लाख | रु.९ लाख |



नि. प्रमुख प्रशासकीय अधिकृत

वासुदेव घिमिरे
नगर प्रमुख

ख - डबल प्लाण्ट भएका ख वर्गका उद्योग : रु.२४ लाख रु.६ लाख

ग - सिंगल प्लाण्ट भएका उद्योग : रु.१२ लाख रु.३ लाख

३. उपयुक्त देखिएमा सडक मर्मत दस्तूर ठेक्काबाट व्यवस्थापन गर्न सकिनेछ ।

४. कुनै उद्योगमा मौज्दात रहेको माल मध्ये आ.व.०७५/०७६ को मौज्दातको माल हालसम्म पनि बांकी रहेको भए त्यस्तो माल मध्ये **एक तहको स्थानीय राजस्व भुक्तानी गरेको पुष्टि भएको** मौज्दात भए त्यस्तो माललाई अधिकतम ०७८ असार मसान्त भित्र निकासी गरि सक्नुपर्ने गरि समय दिन सकिनेछ ।

५. (क) यदि बुँदा ४ बमोजिमको मौज्दात मध्ये **एक तहको स्थानीय राजस्व भुक्तानी गरेको पुष्टि नभएको** मौज्दात बाँकी रहेको भए त्यस्ता उद्योगले बुझाउनुपर्ने एकमुष्ठ राजस्वलाई अधिकतम तिन किस्तामा विभाजन गरी प्रथम किस्ता पौष मसान्त भित्र बुझाउनुपर्ने र दोस्रो तथा तेस्रो किस्ताको लागी बैंक जमानत लिएर क्रमश: ०७७ चैत्र मसान्त र ०७८ असार मसान्त भित्र सकिनेछ ।

(ख) यस्ता उद्योगले नगरपालिकाबाट अनुमति लिएर मात्र ५क बमोजिमको मौज्दात निकासी गर्न पाउनेछन् तर यो मौज्दात निकासी गर्ने अवधिभर नयाँ कच्चा पदार्थ खरिद गरि ल्याउन पाउने छैनन् साथै यो मौज्दातबाट निकासी गरिन्जेल नयाँ व्यवस्था बमोजिमको राजस्व बुझाउनु पर्नेछैन ।

६. नयाँ व्यवस्था लागु गर्दा सम्बन्धित उद्योगको आधिकारीक व्यक्ति र नगरपालिका बिच देहायका शर्तहरु स्पष्ट रुपमा उल्लेख गरि वार्षिक रुपमा सम्झौता गर्नुपर्नेछ ।

क राजस्व दाखिला विधि : सम्बन्धित आ.व.को राजश्व दाखिला गर्न देहायको विधि मध्ये मन्जुर गरेको कुनै एक विधि छनौट गर्न सक्नेछन् ।

- १०% छुट लिई तोकिएको वार्षिक राजस्व अग्रिम रुपमा एकमुष्ट बुझाउने वा
- ५/५% छुट लिई तोकिएको राजस्व अर्धवार्षिक किस्ता अग्रिम रुपमा बुझाउने वा
- छुट नलिने तर तोकिएको रकमलाई १२ किस्तामा हरेक महिनाको पहिलो हप्ताभित्रै बुझाउने ।

ख. मासिक किस्ताको रुपमा बुझाउन मन्जुर गरेका कुनै उद्योगले तोकिएको राजस्व लगातार २ महिना सम्म पनि नबुझाएमा देहाय बमोजिम हुने व्यवस्था राख्ने ।

- नगरपालिकाले जुनसुकै बेला उद्योग सिल गरि उद्योगको खरिद बिक्री सम्बन्धि सम्पूर्ण कार्य रोक्का गर्नसक्ने,
- सिल गरिसकेपछि राजस्व दाखिला गर्न ल्याएमा तोकिएको राजस्वमा २०% ले हुने रकम समेत हर्जाना जोडी राजस्व असुल गरिने,

नि. प्रमुख प्रशासकीय अधिकृत

वासुदेव घिमिरे
नगर प्रमुख

- यस्ता उद्योगले सम्बन्धित आ.ब.को बाँकी अवधिको एकमुष्ठ राजस्व रकममा २०% थप गरि हुन आउने रकम बराबरको बैंक जमानत पेश गरेपछि मात्र सिल खोली कारोवार पुनः सुचारु गर्न दिईने,
- त्यस्ता उद्योगले पुनः तोकिएको अवधिमा राजस्व दाखिला नगरेमा बैंक जमानतबाट असुल गरिने ।
- दाखिला गर्न बाँकी राजस्व दाखिला पनि नगरी अटेर गरेमा उद्योग भित्रको नदीजन्य पदार्थ जफत गरी राजस्व असुल गरिने र त्यस्ता उद्योगलाई कालोसूचीमा राखि पुनः उद्योग सञ्चालन गर्न नपाउने गरी रोक लगाइने ।

ग. उद्योग पुनः नचलाउने गरि वा लगातार एक वर्ष भन्दा बढी अवधि सम्म नचलाउने गरि वन्द गरेमा अग्रिम रुपमा यसको जानकारी नगरपालिकालाई दिनुपर्ने । यस्तो अवस्थामा नगरपालिकाले अनुगमन निरीक्षण गरि उचित ठहराएमा यस सम्बन्धि पत्र दिएपछि मात्र त्यस्ता उद्योगले यस्तो राजश्व बुझाउने दायित्वबाट उन्मुक्ति पाउन सक्ने ।

घ. बुँदा ग को अवस्था बाहेक अन्य अवस्थामा राजस्व बुझाउने दायित्वबाट कुनै उद्योगले उन्मुक्ति पाउन नसक्ने । तर उद्योगको कारोवार चालु रहेकै अवस्थामा कुनै अति असामान्य अवस्था परि यसको औचित्य पुष्टि अवस्थामा भने नगरपालिकाको निर्णय बमोजिम हुने ।

**निर्णय नं.-२**

- यस नगरपालिकामा स्थानीय तहको निर्वाचन पश्चात् नगर प्रमुखको पारिश्रमिक सुविधा वापतको रकमबाट सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुलाई प्रदान गरिदै आएको नगर प्रमुख छात्रवृत्ति कार्यकक्रमलाई निरन्तरता दिन तोकिएको मापदण्ड पूरा गरी छनौटमा परेका विद्यार्थीहरुलाई मिति २०७७।०८।३० गते विहान ११:०० बजे नगरपालिकाको मुख्य प्रशासनिक भवन परिसरमा नगर प्रमुख छात्रवृत्ति वितरण कार्यक्रमको आयोजना गरी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.-३**

क) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको स्थानीय तहबाट लगत संकलन सम्बन्धी कार्यविधि, २०७७ को दफा ३ (१) बमोजिम देहायका सदस्य रहेको भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान, लगत संकलन प्रमाणिकरण तथा नाप नक्सा कार्यमा सहजीकरण गर्न नगरस्तरीय सहजीकरण समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिलः**

संयोजक : नगर प्रमुख
उप संयोजक : उपप्रमुख
सदस्य : राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलका प्रतिनिधिज्यूहरु



नि. प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

सदस्य : राधा शाही (का.पा.सदस्य)
सदस्य : मिरा कुमारी बि.क. (का.पा.सदस्य)
सदस्य : सम्बन्धित क्षेत्रको विषय विज्ञ (संयोजकले तोकेको कम्तिमा १ महिला सहित २ जना)
सदस्य सचिव : प्रमुख प्रशासकीय अधिकृत

ख) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको स्थानीय तहबाट लगत संकलन सम्बन्धी कार्यविधि, २०७७ को दफा ३ (२) को तपसिल बमोजिमको समितिलाई पूर्णता दिन सोही उपदफाको (ग) बमोजिम कम्तिमा १ जना महिला सहित २ जना प्रतिनिधि सिफारिस गरी पठाउन वडा कार्यालयहरुलाई जानकारी गराउने निर्णय गरियो ।

**तपसिल:**

क) वडाध्यक्ष : अध्यक्ष

ख) वडा सदस्यहरु : सदस्य

ग) सम्बन्धित वडाध्यक्षको सिफारिसमा स्थानीय तहका प्रमुख वा अध्यक्षले मनोनयन गरेका भूमि आवास लगायतका क्षेत्रमा काम गरेका संघ संस्था वा नागरिक समाजबाट कम्तीमा १ महिला सहित २ जना प्रतिनिधि सदस्य ।

घ) सदस्य सचिव : वडा सचिव

ग) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको स्थानीय तहबाट लगत संकलन सम्बन्धी कार्यविधि, २०७७ को दफा ४ बमोजिमको इकाइ गठन गरी भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको विवरण र तथ्यांक संकलन इकाई गठन गरी नपुग जनशक्ति नगरपालिकाबाट व्यवस्थापन गर्ने ।

**निर्णय नं.-४**

- सार्वजनिक आवागमनलाई सहज बनाउन पत्थर डाँडा तिनाउ सडकको तत्काल स्तरोन्नती गर्नु पर्ने देखिएकोल चालु आ.व.को प्रादेशिक बसपार्क निर्माण शीर्षकमा विनियोजित रकम मध्ये रु. ८ लाख प्राविधिकको लागत इष्टिमेट अनुसार उक्त सडक स्तरोन्नतीका लागि व्यवस्थापन गरी उपभोक्ता समिति मार्फत कार्य प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं.- ५**

- वडा नं. ७ वडा समितिको मिति २०७७/७/१६ गतेको निर्णयानुसार वडा अन्तरगत रहेको इलाका प्रहरी कार्यालयको पश्चिम तर्फको नेपाल विद्युत प्राधिकरणको पश्चिम तर्फबाट रोटरी क्लव अफ मणिग्रामको पश्चिममा रोटरी क्लव अफ रुपन्देहीको लागि ० -२ -५० (दुई कठ्ठा पाँच धुर) जग्गा व्यवस्थापन गर्ने निर्णय गरियो ।

नि. प्रमुख प्रशासकीय अधिकृत



वासुदेव घिमिरे
नगर प्रमुख

निर्णय नं.- ६

- तिलोत्तमा नगरपालिका वडा नं. -१० को वडा भवनका सम्बन्धमा सम्बन्धित वडालाई स्थल छनौटका लागि आग्रह तथा पटक पटक लिखित पत्राचार समेत गरिकोमा वडा समितिको निर्णय अनुसारको स्थल तोकिएको मापदण्ड बमोजिमको भवन निर्माणका लागि उपयुक्त नहुने देखिएकोले सोही वडाको वेवरामा थारु कल्याणकारीणीको भवन भन्दा उत्तरतर्फ वडा कार्यालयको भवन निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं.-७

- नागरिकको सुरक्षा यातायात तथा ट्राफिक व्यवस्थापन कार्यलाई सहज बनाउन नगरक्षेत्रमा पर्ने सिद्धार्थ राजमार्गमा जोडिएका मुख्य तथा व्यस्त बजार केन्द्रहरु ड्राइभरटोल, मणिग्राम र कोटिहवामा तत्काल ट्राफिक लाइट जडान गर्ने चालु आ.व.को ब.शी.नं. ३०४०(१), ब.शी.नं. ३०४० (२) र ब.शी.नं. ९०१०(१८) मा विनियोजित रकमबाट व्यवस्थापन गरी आवश्यक प्रक्रिया अगाडि बढाई बाँकी मुख्य चोकहरुमा क्रमश उक्त कार्यक्रमलाई निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं.-८

- यस नगरपालिकाको अतिथि गृह तथा सभाहल निर्माण कार्य सम्पन्न भईसकेको र विनियोजित रकम अपुग भएकाले चालु आ.व.को ब.शी.नं.३०३० (६) बाट अपुग रकम व्यवस्थापन गरी भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं.-९

- 'घ' वर्गको निर्माण व्यवसायी ईजाजतपत्र दिने र नविकरण गर्ने कार्य साविकमा स्थानीय स्वायत्त शासन ऐन २०५५ बमोजिम तत्कालिन जिल्ला विकास समितिले गर्दै आएकोमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम यसको अधिकार स्थानीय तहलाई प्राप्त भएकोले जिल्ला समन्वय समितिको कार्यालय, रुपन्देहीको मिति २०७४।११।२८ च.नं. २१०४ को पत्रबाट यस नगरपालिकामा ठेगाना भएका विभिन्न ३७ वटा निर्माण व्यवसायी फर्महरुको विवरण हस्तान्तरण भई आएको र यी मध्ये अधिकाँश फर्महरुले तोकिएको समयमा यस कार्यालयमा सम्पर्क राखी आ-आफ्नो फर्महरु नविकरण समेत गराएकोमा केही फर्महरुले संघीयता कार्यान्वयनको संक्रमणकालिन अन्यौलताका कारणले हालसम्म पनि नविकरण गराउन नसकेकोले प्रचलित कानून बमोजिम त्यस्ता ईजाजतपत्र खारेजीमा परेको हुँदा एक पटकका अवसर प्रदान गरी नविकरण गरिदिने व्यवस्था हुन अनुरोध भई आएको हुँदा संक्रमणकालमा अन्यौलमा परि नविकरण हुन नसकी खारेज हुने स्थितिमा पुगेका यस्ता ईजाजतपत्रहरुलाई एक पटकका लागि आवश्यक प्रकृया पुरा गरि नविकरण गर्ने निर्णय गरियो ।

नि. प्रमुख प्रशासकीय अधिकृत

वासुदेव घिमिरे
नगर प्रमुख